## आ.व. २०८०/८१ को छैठौं कार्यपालिका बैठक

आज मिति २०८०।०९।१९ गते राप्ती गाउँकार्यपालिकाका अध्यक्ष श्री प्रकाश बिष्टको अध्यक्षता तथा तपशिल बमोजिमका सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बस्यो ।

बैठकका उपस्थिति र निर्णयहरु यसप्रकार छन् ।

### उपस्थिति

| | | |
|---|---|---|
| अध्यक्ष | श्री | प्रकाश बिष्ट, राप्ती गाउँकार्यपालिका । |
| उपाध्यक्ष | श्री | कमलापती चौधरी, राप्ती गाउँकार्यपालिका । |
| सदस्य | श्री | गेमे खड्का, राप्ती गाउँकार्यपालिका । |
| सदस्य | श्री | पहलवान चौधरी, राप्ती गाउँकार्यपालिका । |
| सदस्य | श्री | उमेश अधिकारी, राप्ती गाउँकार्यपालिका । |
| सदस्य | श्री | बिर बहादुर चौधरी, राप्ती गाउँकार्यपालिका । |
| सदस्य | श्री | देव प्रसाद चौधरी, राप्ती गाउँकार्यपालिका । |
| सदस्य | श्री | दीपक कुमार चौधरी, राप्ती गाउँकार्यपालिका । |
| सदस्य | श्री | सिताराम चौधरी, राप्ती गाउँकार्यपालिका । |
| सदस्य | श्री | चन्द्र बहादुर गुरुङ, राप्ती गाउँकार्यपालिका । |
| सदस्य | श्री | रिम बहादुर सुनारी, मगरराप्ती गाउँकार्यपालिका । |
| सदस्य | श्री | पार्वती सुवेदी, राप्ती गाउँकार्यपालिका । |
| सदस्य | श्री | चम्पा भुसाल, राप्ती गाउँकार्यपालिका । |
| सदस्य | श्री | रण बहादुर पुन्नाली सार्की , राप्ती गाउँकार्यपालिका । |
| सदस्य | श्री | गिता चौधरी, राप्ती गाउँकार्यपालिका । |
| सदस्य | श्री | सावित्री चौधरी, राप्ती गाउँकार्यपालिका । |
| सदस्य | श्री | संजिव परियार, राप्ती गाउँकार्यपालिका । |
| सदस्य सचिव | श्री | नेव बहादुर वली , राप्ती गाउँपालिका । |

### आमन्त्रित

श्री जीवराज पौडेल पशु विकास अधिकृत

श्री धन प्रसाद शर्मा लेखा अधिकृत

श्री विश्वास विक , शाखा अधिकृत

श्री विकास ज्ञवाली, अधिकृत ( प्रशासन सेवा )

श्री रेशमराज अधिकारी , इलेक्ट्रा

२०८०।०९।१९ को कार्यपालिका बैठकका प्रस्तावहरु

१- नवप्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रम संचालन सम्बन्धमा ।

२- हिउदे अधिवेसन सम्बन्धमा ।

३- नदिजन्य पदार्थको उत्खनन्,संकलन तथा बिक्रि वितरण सम्बन्धमा

४- पाठ्यपुस्तकको मूल्य निर्धारण सम्बन्धमा ।

५- अनुदान उपलब्ध गराउने सम्बन्धमा

६- विविध ।

Shagun

लोक बहादुर दली
प्रमुख प्रशासकीय अधिकृत

मिति २०८०।०९।१९ गते बसेको कार्यपालिका बैठकका निर्णयहरु

**निर्णय नं.१** – नवपर्वतनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रम संचालन कार्यविधि, २०८० को दफा ४२ बमोजिम गाउँपालिकाले प्राप्त गर्ने अनुदानको कम्तिमा १५ प्रतिशत लागत साझेदारी गर्ने कार्यविधि पुर्णरुपमा पालना गर्ने।

**निर्णय नं.२** - राप्ती गाउँपालिकाको आ.व. २०८०।८१ को हिउदेँ अधिवेसन २०८० साल पौष २६ गते तोक्ने।

**निर्णय नं.३** – राप्ती गाउँपालिकाको नदिजन्य पदार्थको संकलन, उत्खनन्, बिक्रि वितरणका गर्ने प्रयोजनका लागि गढवा गापा संग संयुक्त रुपमा ठेक्का पकृया अघि बढाउनका लागि यस अघि गठित देहाय बमोजिमको कार्यदललाई जिम्मेवारी तोक्ने ।

कार्यदल

श्री उमेश अधिकारी , वडाध्यक्ष ३ नं. वडा , संयोजक
श्री पहलवान चौधरी, वडाध्यक्ष ३ नं. वडा, सदस्य
श्री वीर बहादुर चौधरी, वडाध्यक्ष ४ नं. वडा, सदस्य
श्री दिपक कुमार चौधरी, वडाध्यक्ष ४ नं. वडा, सदस्य
श्री सावित्रा चौधरी, कार्यपालिका सदस्य
श्री रेशमराज अधिकारी, राजस्व शाखा प्रमुख, सदस्य सचिव

**निर्णय नं.४** – राप्ती गाउँपालिका हाम्रो राप्ती स्थानीय विषयको पाठ्यपुस्तकको मूल्य निर्धारण देहाय बमोजिम गर्ने।

| क्र.सं. | कक्षा | कर सहित मूल्य रु मा | कैफियत |
|---|---|---|---|
| १ | १ | ३००/- | |
| २ | २ | ३२०/- | |
| ३ | ३ | २९५/- | |

**निर्णय नं.५**- राप्ती गापा ६ बगरापुर स्थित मदरसा अहले सुन्नत चिस्तिया धार्मिक विद्यालयलाई राप्ती गापाको आ.व. २०८०।८१ को लागि स्विकृत वार्षिक कार्यक्रम अन्तरगत धार्मिक विद्यालय संचालन तथा व्यवस्थापन अनुदान शिर्षकबाट रु १ लाख अनुदान उपलब्ध गराउने।

**निर्णय नं.६**- राप्ती गाउँपालिकाको 'घ ' वर्गको निर्माण व्यवसायी ईजाजत पत्र सम्बन्धी कार्यविधि २०७४ बमोजिम मापदण्ड पुरा गरेका देहायका निर्माण सेवालाई 'घ' वर्गको ईजाजत पत्र प्रदान गर्नुपर्ने।

- बाबुभाई कन्सट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. व्यवसाय सञ्चालक- बाबुराम अधिकारी

**निर्णय नं.७**- राप्ती गाउँपालिका वडा नं. ६ र ७ को सुरक्षा चुनौतिलाई व्यवस्थापन गर्न राप्ती गापा ६ पत्थरगढवामा अस्थायी प्रहरी चौकी स्थापनाको लागि आवश्यक पहल गर्ने।

**निर्णय नं. ८** - राप्ती पालिकामा राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता माघ ७ गते भित्र सम्पन्न गर्ने गरी सञ्चालन गर्ने र उक्त खेल सञ्चालनका लागि राष्ट्रपति रनिङशिल्ड, अध्यक्ष कप खेलकुद प्रतियोगिता शिर्षकबाट रु ५ लाख उक्त प्रतियोगिताको आयोजक सर्वोदय मावि राप्ती गापा ५ लाई उपलब्ध गराउने।

लोक बहादुर दली
प्रमुख प्रशासकीय अधिकृत